का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ माघ २०८०,
शनिबार
20 January 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३४६ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



पछिल्लो तीन दशक निरन्तर नेपालको राजनीतिमा सक्रिय रहेका राजेन्द्र महतो ०७९ को चुनावपछि ओझेलमा छन् । लोसपामा आन्तरिक संघर्ष गरिरहेका उनी आफ्नै राजनीतिक अस्तित्वको खोजीमा रहेको देखिन्छन् ।

मधेशले अझै अधिकार पाएको छैन । काठमाठडौं केन्द्रित मानसिकता चिर्नका निम्ति मधेशी नागरिकले मुक्तिको लडाइँ लड्नुपर्ने छ ।

# अस्तित्वको खोजीमा राजेन्द्र महतो

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ माघ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भित्र आन्तरिक विवाद चर्किएको छ । अध्यक्ष महन्थ ठाकुरको कार्यशैलीमाथि प्रश्न उठाउँदै राजेन्द्र महतोले लोसपामा आन्तरिक सक्ति संघर्ष गरिरहेका छन् ।

गत मंसिर तेस्रो साता बसेको लोसपाको केन्द्रीय समितिको बैठक बहिष्कार गरेपछि महतो र ठाकुरबीचको संघर्ष उत्कर्षमा पुगेको बताइन्छ । नेताहरुका अनुसार केन्द्रीय समितिको बैठक बहिष्कार गरेपछि महतो पार्टी कार्यालय समेत गएका छैनन् ।

केही महिना अघि अध्यक्ष ठाकुरले केन्द्रीय समिति विस्तार गर्दै ३ सय ११ सदस्यीय बनाएका थिए । तर, समितिमा महतो निकट कार्यकर्ताहरूले निकै कम स्थान पाएपछि विवाद तिव्र भएको बताइन्छ ।

यसबीचमा महतो भारत गएका थिए । भारतीय नेताहरुलाई भेटेर महतो नेपाल फर्किएका छन् । अब उनी पार्टीमै रहेर सक्ति आर्जन गर्नेतिर लाग्छन कि पार्टी फुटको निर्णयमा पुग्छन् त्यो तय हुन बाँकी रहेको लोसपाका नेताहरु बताउँछन् ।

पछिल्लो तीन दशक निरन्तर नेपालको राजनीतिमा सक्रिय रहेका राजेन्द्र महतो ०७९ को चुनावपछि ओझेलमा छन् । लोसपामा आन्तरिक संघर्ष गरिरहेका उनी आफ्नै राजनीतिक अस्तित्वको खोजीमा रहेको देखिन्छन् ।

महतो ४ मंसिर २०७९ मा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा पराजित भएका थिए । सर्लाही २ बाट उम्मेदवार रहेका महतोलाई पराजित गरेका नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादव संघीय सरकारमा मन्त्री (खानेपानी) मन्त्री छन् । प्रखर मधेसवादी नेताको रुपमा स्थापित नेता महतो »» पृष्ठ २ मा

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चार विषयमा प्रधानमन्त्रीको जोड




**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ ।

असंलग्न आन्दोलन (नाम)को १९औं शिखर सम्मेलनमा भाग लिन युगान्डाको काम्पला पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबार सम्मेलनमा सम्बोधन गरेका छन् । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्मेलनमा सहभागिता जनाएका प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा विशेष गरि चार विषयलाई जोड दिएर उठाए । प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा विशेष »» पृष्ठ २ मा

## जाजरकोट भूकम्प

# हल्ला गर्नेहरू फर्किहाले, दुःख जति बाँकी रह्यो



१५४ जनाको ज्यान जाने गरी दुई महिना अगाडि गएको भूकम्पबाट ज्यान जोगाएका ३४ जनाको चिसोकै कारणले मृत्यु भइसकेको छ । तर सरकार अहिलेसम्म पनि भूकम्प प्रभावित परिवार पहिचानमै अल्झिएको देखिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ माघ ।

२७ कात्तिक मध्यरातको भूकम्प जाजरकोट भूकम्प पीडित घर परिवारको संख्या ७९ हजार ५ सय ९९ पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार थप १२ हजार परिवार थपिएर यो संख्या कायम भएको हो ।

यी परिवारलाई सरकारले रु.५० हजारको दरले अस्थायी टहरा बनाउन अनुदान दिने निर्णय गरेको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल खरेलका अनुसार, अहिलेसम्म ५० हजार परिवारलाई रु.५० हजार दरका अनुदान रकम पुगिसकेको छ ।

त्यसरी रु.५० हजारका दरले रकम पठाउँदा व्यवस्थापन समितिमार्फत् रु. एक अर्ब ९० करोड र स्थानीय तहको खातामा रु.एक अर्ब २६ करोड निकासा भएको छ । सरकारी दाबी अनुसार, २४ हजार परिवारको अस्थायी टहरा बनिसकेको छ भने १० हजार परिवारलाई अस्थायी टहरा बनाउने क्रम चलिरहेको छ ।

यसको अर्थ हो भूकम्प पीडित परिवार मध्ये अहिलेसम्म आधाले पनि अस्थायी टहरा बनाउन सकेका छैनन् । भर्खरै थपिएका १२ हजार घरपरिवारको संख्या हटाउँदा पनि ६७ हजार घर परिवार भूकम्पबाट विस्थापित भएका थिए । ती मध्ये २४ हजारले अस्थायी टहरा बनाइसकेको र १० हजार बनाउने क्रममा रहनुको आँकडाले ३३ हजार परिवारले अस्थायी टहरा बनाउन सकेका छैनन् ।

अझ १२ हजार घर परिवार थपिदा त्यो संख्या ४५ हजार पुग्छ । जबकी १५४ जनाको ज्यान जानेगरी जाजरकोट, पश्चिम रुकुम लगायत जिल्लाहरुमा भूकम्प गएको दुई महिना भइसकेको छ । उच्च पहाडी तथा हिमाली जिल्ला भूकम्प प्रभावित भएकाले अत्याधिक चिसो अहिले बढिरहेको छ । चिसोकै कारण सुत्केरी र बृद्धबृद्धा गरी »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा जुवा खेलाउने चार नेपाली पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

मलेसियाको तान्जुङ टोकङबाट अनलाइन जुवा खेलाउने धन्दामा लागेका चार जना नेपाली पक्राउ परेका छन् । टोकङस्थित एक अपार्टमेन्टमा छापा मारेर प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूले १५ देखि २० हजार रिंगेट करिब साढे चार लाखदेखि ६ लाख नेपाली रुपैयाँसम्मको अनलाइन जुवा खेलाउने गरेको पाइएको मलेसियन प्रहरीले बताएको छ । मलेसियाको स्थानीय प्रहरी सहायक कम्मर रजलाम अब हमिदले पक्राउ परेका नेपालीहरू २७ देखि ३२ वर्ष उमेर समूहका रहेको बताएका छन् । उनीहरूको नाम र नेपाली ठेगाना भने प्रहरीले खुलाएको छैन ।

प्रारम्भिक अनुसन्धानका आधारमा तीन महिनादेखि भाडामा लिएको भवन परिसरबाट तीन वटा ल्यापटप, एउटा मोडेम, १० थान मोबाइल फोन, कुर्सी, डेस्क र लेखन सामग्री बरामद गरिएको प्रहरीले बताएको छ । पक्राउ परेका नेपालीहरूले रोजगारीका लागि मलेसिया गएका अन्य नेपाली कामदारहरूलाई टार्गेट गरी कम्प्युटर र मोबाइल फोनमार्फत फेसबुकबाट विभिन्न अनलाइन जुवा खेलाउने सिण्डिकेटको अपराध गरेको मलेसियन प्रहरीले बताएको छ ।

प्रारम्भिक चरणमा पक्राउ परेका नेपालीहरूको राहदानी साँचो भए-नभएको अध्यागमन विभागमार्फत जाँच गर्ने प्रक्रिया शुरु गरिएको पनि मलेसियन प्रहरीले बताएको छ । चारै जना नेपाली अर्को क्षेत्रमा काम गर्न मलेसिया गएको, तर तोकिएको काम नपाएपछि सिण्डिकेट गिरोहले मासिक एक हजार पाँच सयदेखि र दुई हजार रिंगेट तलब दिएर अनलाइन जुवा खेलाउने धन्दाका लागि भर्ना गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले बताएको छ ।

प्रहरीले पक्राउ परेका चारै जनालाई गेमिङ हाउस एक्ट १९५३ अनुसार मुद्दा चलाउन तीन दिन म्याद थप गरी अनुसन्धान भइरहेको जानकारी दिएको मलेसियाको सरकारी अनलाइन बर्नामाले उल्लेख गरेको छ ।

# १०९ वटा विधेयक तयार

संघीय सरकारका विभिन्न २० वटा मन्त्रालयले संघीयता कार्यान्वयन र सरकारको नीति तथा कार्यक्रमअनुसार कानून बनाउन १०९ वटा विधेयकको प्ररम्भिक मस्यौदा तयार पारेर कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा बुझाएका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ५ माघ ।

संघीयता कार्यान्वयन र सरकारको नीति तथा कार्यक्रम अनुसार कानून बनाउन १०९ वटा विधेयकको प्ररम्भिक मस्यौदा तयार भएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाका अनुसार संघीय सरकारका बिभिन्न २० वटा मन्त्रालयले १०९ वटा विधेयकको प्ररम्भिक मस्यौदा तयार पारेर कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा बुझाएका हुन् । खानेपानी मन्त्रालय र परराष्ट्र मन्त्रालयले भने कुनै विधेयकको प्रारम्भिक मस्यौदा पठाएका छैनन् ।

'खानेपानी मन्त्रालय र परराष्ट्र मन्त्रालयले त्यस्तो प्राथमिकता केही छैन भनेर मस्यौदा पठाउनुभएको छैन,' कानून मन्त्रालयका सचिव सापकोटाले भने, 'बाँकी सबै मन्त्रालयले प्राथमिकताका आधारमा विधेयकको विषय पठाउनुभएको छ ।' कानून मन्त्रालयका अनुसार सबै मन्त्रालयबाट सम्भावित विधेयकहरुको मस्यौदा प्राप्त भएपछि त्यसलाई एकीकृत गरेर प्राथमिकता »» पृष्ठ २ मा



सरकारले संविधान निर्माणसँग सम्बन्धित कानूनहरु बनाउनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।

**धनराज गुरुङ**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्री**

मध्यान्ह
www.madhyanhadaily.com
६ माघ २०८०, शनिबार
20 January 2024, Saturday

# प्रतिफल नदिने लगानीको औचित्य छैन : मुख्यमन्त्री चौधरी

**सपना बोहरा/मध्यान्ह**
दाङ, ५ माघ



लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरीले प्रतिफल आउनेगरी लगानी गर्न सुझाव दिएका छन् । 'लगानी गरी सकेपछि त्यसको प्रतिफल आउनुपर्छ' प्रदेश योजना आयोगको आयोजनामा दाङको देउखुरीमा भएको परामर्श कार्यशालामा मुख्यमन्त्री चौधरीले भने 'प्रतिफल नदिने लगानीको कुनै औचित्य हुँदैन ।' लगानीकर्ताले दिएको रिपोर्ट पनि राज्य संयन्त्रले अध्ययन गरेर सुधार गर्न सक्ने हुनुपर्ने उनले बताए ।

'अब सरकारले लगानी मात्रै गर्ने होइन्'मुख्यमन्त्री चौधरीले भने 'त्यो लगानीबाट आउने प्रतिफल र आर्थिक समृद्धिको पक्षलाई ख्याल गर्नुपर्छ ।' उपलब्धी मुलक लगानीको लागि आयोगले नीति बनाउनुपर्ने बताए । 'बाटो हामीले बनाउँछौं, बाटोबाट स्थानीय, सरकारले पाउने प्रतिफल खोज्दैनौ' मुख्यमन्त्री चौधरीले भने 'त्यसको प्रतिफल खोजौं ।' स्रोत परिचालन भयो भने त्यसका उपलब्धी पनि देखिनुपर्ने सुझाव दिए ।

मुख्यमन्त्री चौधरीले आर्थिक विकासका लागि प्रदेश सरकार एक घरमा ३० देखि ४० हजार आम्दानीको रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको बताए । योजना आयोगका उपाध्यक्ष डा.नहकुल केसीको अध्यक्षतामा तथा मुख्यमन्त्री चौधरीको प्रमुख आतिथ्यतामा कार्यक्रममा भएको थियो ।

कार्यक्रममा उपाध्यक्ष डा.केसीले लुम्बिनी प्रदेशलाई समृद्ध प्रदेश बनाउन योजना बनाएको बताए । त्यसको लागि आयोगले नीति गत सुधारको प्रयास गरिरहेको उनले जानकारी गराए । समृद्ध लुम्बिनी बनाउन योजना अनुरुप सम्भव छ,' डा.केसीले भने, 'त्यसका लागि रणनीतिक प्राथमिकता केन्द्रित हुने गरी कार्यक्रम सञ्चालन गरिने नीति कार्यक्रम तय गरिएको छ ।' कार्यक्रमको सहजीकरण आयोजका प्रमुख प्रशासकीय अधिकृत पोषणराज भण्डारीले गरेका थिए ।

## अस्तित्वको...

भने चुनाव हारेपछि राजनीतिक ओझेलमा छन् । उनै महतो पछिल्लो ६ महिने मधेस आन्दोलनका सर्वाधिक चर्चित नेताको रुपमा परिचित भएका थिए । चर्को मधेसवादको नारा दिएर २०७४ को निर्वाचनमा धनुषा ३ मा कांग्रेसका विमलेन्द्र निधिलाई हराएका महतो प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा संसदमा निकै देखिने सांसदका रुपमा थिए ।

तर, ०७९ को चुनावमा आफ्नै गृह क्षेत्र सर्लाहीमा पराजित भएपछि उनी राजनीतिक शक्तिको खोजीमा लागेका हुन् ।

तराई केन्द्रित दलहरु बारम्बार जुट्ने र फुट्ने गरेका छन् । राजेन्द्र महतो पनि विभिन्न दलको नेतृत्व तहमा रहेर त्यस्तो चक्कर लगाइरहेका नेतामा पर्छन । सत्तामा रहँदा मौन बस्ने र सडकमा चर्को कुरा गर्ने भन्दै कतिपयले उनको आलोचना पनि गर्ने गरेका छन् ।

## चार...

गरि न्यायाचित र शान्तिपूर्ण विश्व, जलवायु परिवर्तन, नेपालको शान्ति प्रक्रिया र विज्ञान, प्रविधि र नवप्रर्वनमा विकासशील राष्ट्रले भोगेका अप्ठ्याराको विषय उठाए ।

असंलग्न आन्दोलनले विगतमा धेरै देशको राजनीतिक स्वतन्त्रता, उपनिवेशीकरणबाट मुक्ति र सार्वभौमसत्ता प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रधानमन्त्री प्रचण्डले अब भने न्यायोचित र समतामुलक विश्व स्थापनाका लागि भूमिका खेल्नुपर्नेमा जोड दिए । 'यद्यपि आन्दोलनले न्यायोचित, समतामूलक, समावेशी, शान्तिपूर्ण र समृद्ध विश्वका लागि सङ्घर्ष जारी राखे पनि आजको संसार अन्याय, असमानता, विभाजन, विभेद र बहिष्कारले भरिएको छ,' उनको भनाइ छ । अहिले देखिएको नयाँ र पुराना द्वन्द्वले सम्पूर्ण विश्व र विशेषगरी दक्षिण विश्वलाई घेरेको भन्दै प्रचण्डले सबैको सम्मान र मर्यादाका लागि राजनीतिक संवाद र कूटनीतिक संवादमा जोडिनुपर्ने समेत बताए ।

सम्मेलनमा प्रधानमन्त्रीले उठाएको अर्को विषय हो जलवायु परिवर्तन र यसले विकासउन्मुख देशहरुलाई पारेको असर । यसले नेपालमा पारेको असरको समेत चर्चा गर्दै उनले हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गर्नु सबैको साझा हितमा रहेको समेत बताए । 'हिमालयको देशबाट आएको हुनाले यो महत्वपूर्ण सम्मेलनमा हिमालको विषयमा केही भन्नैपर्छ,' प्रधानमन्त्रीको भनाइ थियो, 'हिमाल विश्वव्यापी जनसंख्याको १५ प्रतिशत र पृथ्वीको जैविक विविधताको ५० प्रतिशतको घर हो । यसले सबै जीवित प्राणीलाई विश्वव्यापी सेवा प्रदान गर्दछ । तर उनीले ठूलो पीडा भोगिरहेका छन् । '

सम्बोधनका क्रममा उनले नेपालको शान्ति प्रक्रियाको विषय पनि उठाए । सङ्क्रमणकालीन न्यायलाई सबैको सहमतिमा निष्कर्षमा पुर्‍याएर दिगो शान्ति सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै प्रचण्डले भने, 'द्वन्द्वबाट स्थापित नेताका रूपमा सम्बोधन गर्दैगर्दा मलाई के विश्वास छ भने शान्ति सम्भव छ । दृढ विश्वास र इच्छाशक्तिले राष्ट्र र विश्वव्यापीरूपमा रहेका ऐतिहासिक, सामाजिक, सांस्कृतिक र आर्थिक अन्यायलाई सम्बोधन गर्न सकिन्छ ।'

उनले विज्ञान, प्रविधि र नवप्रर्वनका विषयमा पनि चर्चा गरे । 'विज्ञान, प्रविधि र नवप्रर्वन'मा विकासशील र अल्पविकसित देशले सामना गरिरहेका व्यवधानलाई सम्बोधन गर्न 'नाम'ले उच्च प्राथमिकता दिनुपर्ने प्रधानमन्त्रीको भनाइ थियो ।

## जाजरकोट...

भूकम्प प्रभावित परिवारका ३४ जनाको ज्यान गइसकेको छ । भूकम्पबाट जोगिएपनि त्रिपाल मुनि चिसोबाट उनीहरु बच्न सकेनन् । स्थानीयका अनुसार, अझैपनि नागरिकलाई जोगाउन कठिन परिरहेको छ ।

तर भूकम्प गएको दुई महिनासम्म सरकार भूकम्प प्रभावितहरुको तथ्याङ्क संकलनमै अल्मलिएको छ । थपिएका प्रभावित परिवारको तथ्याङ्क भर्खरै लिएको सरकारले यो हिउँदभित्र अस्थायी टहरा बनाइदिन सक्ने देखिदैनन् ।

अर्कातिर सरकारले आर्थिक अनुदान दिएपनि अस्थायी टहरा बनाउन भूकम्प प्रभावितले अरु थुप्रै समस्या खेप्नु परेको छ । सरकारले दिए बमोजिमको मापदण्ड पालना गर्नुपर्ने अनि अस्थायी टहरा बनाउन जनशक्तिको अभाव प्रमुख समस्या बनिरहेको छ ।

मृतक र घाइतेका परिवारलाई झनै समस्या बढी छ । तर उद्धार र राहतका बेला प्रचारात्मक गतिविधिमा देखिएका राजनीतिक दलका स्वयं सेवकहरु समेत फर्किसकेका छन् । अहिले प्रभावित क्षेत्रकै समुदाय आपसमा मिलेर भत्किएका संरचना हटाउने, अस्थायी टहरा बनाउने र पीडितहरुलाई बचाउने काम गरिरहेका छन् ।

## १०९ वटा...

निर्धारण गरिनेछ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङका अनुसार १४ कातिक २०८० मा 'यथाशीघ्र विधेयकका मस्यौदा पठाउनू' भनेर सबै मन्त्रालयलाई पत्राचार गरिएको थियो । उनका अनुसार संसदको हिउँदे अधिवेशनमा पेश गर्ने विधयकहरुको प्राथमिकता निर्धारण गर्न र त्यसअनुसार संसदसँग समन्वय गर्नका लागि २२ वटै मन्त्रालयसँग सम्भावित विधेयकको मस्यौदा मागिएको हो ।

हिउँदे अधिवेशनमा कति वटा विधेयक लैजाने तय गर्ने र प्राथमिकताका आधारमा कानुन निर्माण प्रक्रियालाई अघि बढाउने मन्त्रालयको तयारी छ । हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन भनिन्छ । के कति कानुन निर्माण गर्ने हो त्यसको प्राथमिकता निर्धारण गर्नका लागि मन्त्रालयहरुसँग सम्भावित विधेयकको मस्यौदा माग गरिएको हो । मन्त्रालयका अनुसार सरकारको नेतृत्वले संविधान निर्माणसँग सम्बन्धित कानुनहरु बनाउनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ । त्यसआधारमा विधेयकहरु तर्जुमा गर्ने र अगाडि बढाउने योजना कानुन मन्त्रालयको छ ।

मन्त्री गुरुङ भन्छन्, 'सरकारको नेतृत्वले संविधान निर्माणसँग सम्बन्धित कानुनहरु बनाउनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ । त्यसआधारमा विधेयकहरु तर्जुमा गर्ने र अगाडि बढाउने योजना अन्तर्गत विधेयक निर्माण भइराखेको छ ।'

यसअघि राष्ट्रिय सभाको 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशष समितिले संविधान कार्यान्वयनका लागि आवश्यक विषयहरुको पहिचान गरी त्यसको प्रतिवेदन सरकारलाई दिएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले पनि संविधान अनुसार बन्न बाँकी कानुनहरुको अध्ययन प्रतिवेदन सरकारलाई बुझाएको छ । दुवै प्रतिवेदनमा संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने कानुनका विषय छन् ।


## कुवेतमा रोजगार
कम्पनी : DAR SHANTON WOMEN'S READYMADE GARMENTS COMPANY
शहर: KUWAIT
स्वीकृत मिति : २०८०/१०/०५ चलानी नं.: ६०२१३२७४ L.T. No.:298350

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 25 | 0 | स. काममा दक्ष | 125 | ५३,९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५२९/०७७/०७८
PRATIGYA OVERSEAS PVT. LTD.
P.O.Box No.:5650, Address:Battisputali-09 Gausala, Kathmandu
Email: overseaspratigya@gmail.com | Tel: 01-4479481, 4486459
Website: www.pratigyaoverseas.com

## यूएईमा रोजगार
कम्पनी : ABU DHABI PIPE FACTORY LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३२३ LT. No.: 298381

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९४०/०६७/०६८
बेबी एन्जल इन्टरनेशनल प्रा. लि.
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## यूएईमा रोजगार
कम्पनी : GREEN CONCRETE LLC DUBAI BRANCH
शहर: UAE
पुर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३२९ L.T. No.: 298371

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Transit Mix Driver | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Cum Operator | 8 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |
| 3. | Placing Boom Operator | 2 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |
| 4. | Static Pump Operator | 2 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |

२. कम्पनी : WIMPEY LABORATORIES
शहर: UAE
पुर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३० L.T. No.: 298290

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ५४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chemist | 1 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |
| 3. | cleaner | 3 | 0 | | 900 | ३२,५१७ | | | | | | | |
| 4. | Geologists | 1 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |
| 5. | Microbiologist | 1 | 0 | | 2000 | ५४,१९५ | | | | | | | |
| 6. | Technician | 3 | 0 | | 1500 | ५४,१९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 Janaury 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
पो.ब. नं. ११९७२, गोंगबु-५, काठमाडौं, फोन:०१४९५७०४७
मोबाईल: ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## कुवेतमा रोजगारको अवसर
कम्पनी : AL ELMAM INTERNATIONAL REAL STATE CO.
शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/०४ चलानी नं.: ६०२१३२६५ LT. No.: 298213

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 15 | 10 | सम्बन्धित काममा दक्ष | 100 | ४३१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 30 | 0 | | 125 | ५३९०१ | | | | | | | |
| 3. | Waiter/waitress | 15 | 10 | | 120 | ५१७४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bright Star Human Resources PVT. LTD.
Gov. Lic. No.: 703/064/65
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659, What's App: +9779851320507
Email: brightstarhrnp@gmail.com/ Website: brightstarshr.com
Mob: 9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393, 9810264566.

## कतारमा रोजगारको अवसर
कम्पनी: HOT N COOL
शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८०/१०/०५ चलानी नं.:६०२१३३११ LT. No.: 298258

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 1800 | ६५५२० | | | | | | | |
| 3. | Coffee Cook | 2 | 0 | | 1500 | ५४६०० | | | | | | | |
| 4. | Driver | 1 | 0 | | 1700 | ६१८८० | | | | | | | |
| 5. | Helper | 1 | 0 | | 1200 | ४३६८० | | | | | | | |
| 6. | Labour | 1 | 0 | | 1000 | ३६४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १४ गते (28 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय विर्तामोड, झापामा २०८० माघ १४ गते (28 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय दमक, झापामा २०८० माघ १४ गते (28 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय पोखरा, कास्कीमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय बुटवल, रूपन्देहीमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन: ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com
Pokhara: 061-553158, 9806544044 | Butwal: 071-531534, 9857077872
Birtamod: 023- 534105, 9806091708 | Damak: 023-586066, 9814970040.

## UAE मा वैदेशिक रोजगारको अवसर
१. कम्पनी: AG FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३२ L.T. No.: 298450

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३४,३२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 50 | | 1000 | ३६,१३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १३ गते (27 January, 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
AI Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: A T V A TECHNICAL AND CLEANING SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३२५ LT. No.: 298333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | स. काममा दक्ष | 800 | २८,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
०१-४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com

## कुबेतमा रोजगार
कम्पनी: ESSENTIAL LADIES BEAUTY SALON COMPANY
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३५ L.T. No.: 298452

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 7 | सम्बन्धित काममा दक्ष | 140 | ६०,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MENICARE & PEDICURE | 0 | 7 | | 140 | ६०,३६९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १३ गते (27 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: १६४८/०८०/०८१
SECURE NEPAL JOB PLACEMENT PVT . LTD.
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |

## साउदीमा रोजगार
कम्पनी : OMAIMA ABDUL RAHMAN BIN ABDUL LATIF AL-DOGHAN TRADING EST
शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३८ LT. No.: 298395

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PACKAGING AND WRAPPING WORKER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : NASE'A DISTINGUISHED GENERAL CONTRACTING EST शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३७ LT. No.: 298394

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VEHICLE CLEANING WORKER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASSER AND AWAD AL YAMI TRANSPORTATION COMPANY IS A ONE PERSON COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३६ LT. No.: 298393

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Gulf Haulage Rig Move Co शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३३४ LT. No.: 298392

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HEAVY TRUCK DRIVER | 15 | 0 | | 1800 | ६३,६८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० माघ १३ गते (27 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 709/064/065
FAZAL INTERNATIONAL PVT. LTD.
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

# राष्ट्रिय सभा निर्वाचनका लागि मतदान केन्द्रमा पुग्यो मतपत्र



**काठमाडौं/मस–** निर्वाचन आयोगले यही माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि स्वीकृत डिजाइन तथा मापदण्डबमोजिमका सबै मतपत्र छपाइ गरी सातै प्रदेशका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी गरेको छ ।

सो निर्वाचनका लागि ३८ प्रकारका कूल छ हजार नौ सय १० मतपत्र छपाइ गरी पठाइएको हो । राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा मतदान हुने कानूनी व्यवस्था छ ।

यसअनुसार प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र छपाइ भएका छन् । आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीका अनुसार प्रदेशगतरुपमा रहेका निर्वाचक मण्डलका सदस्यको सङ्ख्या तथा निर्वाचन हुने पद सङ्ख्यालाई आधार मानी आयोगले तोकेको सङ्ख्यागत मापदण्डका आधारमा कोशी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय २० मतपत्र, मधेश प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय ४० मतपत्र, बागमती प्रदेशमा निर्वाचन हुने चार पदका लागि आठ प्रकारका एक हजार सात सय ६० मतपत्र र गण्डकी प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् ।

त्यसैगरी लुम्बिनी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका सात सय ४० मतपत्र, कर्णाली प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका सात सय ५० मतपत्र र सुदूरपश्चिम प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् ।

# बोक्सीको आरोपमा हत्या गरी फरार रहेका अभियुक्त १५ वर्षपछि पक्राउ



**काठमाडौं/मस–** बोक्सीको आरोपमा हत्या गरी फरार रहेका अभियुक्त १५ वर्षपछि पक्राउ परेका छन् । उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरले काभ्रेका ४४ वर्षीय टंकबहादुर मगर र ४२ वर्षीय सन्तबहादुर मगरलाई पक्राउ गरेको एसपी मिलन केसीले जानकारी दिए ।

उनीहरु २०६५ असोज २९ गते काभ्रेको साविक आम्बोटे गाउँ विकास समिति वडा नम्बर १ हाल रोशी गाउँपालिका वडा नम्बर ३ स्थित चमारसिंह मगर भन्ने जनक बहादुर मगरलाई बोक्सीको आरोपमा कुटपिट गरेर हत्या गरेर फरार भएका थिए । जनकको हत्या गरी फरार रहेका टंक र सन्तलाई २०८० पुस २४ गते पक्राउ पक्राउ गरिएको हो । साथै पुस २५ गते सन्तलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत काठमाडौंमा बुझाइए र टंकको स्वास्थ्यमा समस्य आएका कारण उपचारपश्चात शुक्रबार आवश्यक कानूनी कारबाहीका लागि जिल्ला अदालत काठमाडौंमा बुझाइएको एसपी केसीले जानकारी दिए ।


## UAE को बहुप्रतिष्ठित कम्पनीमा Security Guard को आवश्यकता

**कम्पनी: HEMAYA SECURITY SERVICES LLC** — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ — चलानी नं.: ६०२१३३२८ — L.T. No.: 298451

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Security Guard (DPS) | 50 | 0 | | 1200 | ४३,३५६ | | | | | | | |

★ Ex Army, Ex Police, APF मा अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।
★ कम्तीमा SLC पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २१ बर्ष देखि ३८ बर्ष ननाघेको र PSBD को हकमा उचाई ५ फिट ७ ईन्च भन्दा माथि र DPS (SIRA) को हकमा कम्तिमा उचाई ५ फिट ६ ईन्च हुनुपर्नेछ । तौल ६८ केजी भन्दा माथी हुनुपर्दछ ।
★ Physical Appearance : Smart and No visible Tattoos or Scars.

PSBD को हकमा AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 हुनेछ । (ने.रू १००,०८०) को ग्यारेन्टी गरिन्छ ।
SIRA (DPS) को हकमा AED 1200 र Allowance AED 1062 सहित AED 2262 हुनेछ । (ने.रू ८१,७२६) को ग्यारेन्टी गरिन्छ ।

अन्तर्वार्ता बसुन्धारा ब्याङ्क्युट, काठमाडौंमा २०८० माघ २२ र २३ गते (5 & 6 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com


# नेपालमा आठौं युवा वैज्ञानिक शिखर सम्मेलन हुँदै




**काठमाडौं/मस–** नेपालमा आठौं युवा वैज्ञानिक शिखर सम्मेलन हुने भएको छ । यही माघ २२ र २३ गते शिखर सम्मेलन हुन लागेको हो । नेपाल पोलिमर इन्स्टिच्यूट र युनिग्लोब एस.एस./कलजेको आयोजना तथा शिक्षा मन्त्रालयसँगको सहकार्यमा युवा वैज्ञानिक सम्मेलन हुन लागेको हो । सम्मेलनमा नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट), नेसनल इनोभेसन सेन्टर (एनआइसी), युनेस्को नेपाल, रिसर्च एण्ड डेभलपमेन्ट सोसाइटी (आरडिएस) र साइन्स टिचर्स नेपाललगायतको सहकार्यमा सम्मेलन गर्न लागिएको हो ।

उक्त शिखर सम्मेलनमा कक्षा ८ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुले शोधकर्ताको रुपमा सम्मेलनमा भाग लिन सक्ने आयोजकले जनाएको छ ।

युवा शोधकर्ताहरुका लागि विभिन्न ६ वटा विधा छुट्याइएको छ । जसअन्तर्गत इन्जिनियरिङ र रोबोटिक्स, जीवन विज्ञान, रसायन र वातावरण विज्ञान, भौतिक विज्ञान र गणितका साथै कम्प्युटर विज्ञान र इन्डिजेनिएस ज्ञान तथा प्रविधि विधा तोकिएको छ । यस शिखर सम्मेलनमा विशेषगरी महिला र फरक क्षमता भएका युवा वैज्ञानिकलाई प्राथमिकतामा राखिएको छ ।

सम्मेलनमा प्रस्तुत गरेको विषयवस्तु, भिडियो क्लिपका साथै पोष्टर र मौखिकरुपमा प्रस्तुतिका आधारमा छनोट गरिने आयोजकले जनाएको छ । युवा शिखर सम्मेलनमा सहभागी युवाहरुलाई विभिन्न उपाधि, प्रमाणपत्रका साथै ६ वटै विधाका विजेतालाई पदकसमेत प्रदान गरिने छ । प्रत्येक विधाका विजेताहरुले १३ औं एसिया प्यासिफिक सम्मेलनमा भाग लिनका लागि आवेदन दिन पाउने छन् । विजेताहरुले राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय स्तरका अन्य खोज अनुसन्धानमूलक गतिविधिमा भाग लिन पाउने आयोजकले जनाएको छ ।

# निःशुल्क आँखा शिविरमा एक हजार बढीले लिए सेवा

**पवन जायसवाल/मध्यान्ह**
बाके, ५ माघ

बाँकेको खजुरा गाउँपालिकाको सबै वडाहरुमा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । नेत्र ज्योति संघ फत्तेबाल आँखा अस्पताल नेपालगन्जको आयोजना र खजुरा गाउँपालिकाको समन्वयमा पुस २२ गते देखि माघ ३ गतेसम्म सबै वडाहरुमा निःशुल्क आँखा शिविर सम्पन्न भएको हो । नेपालगञ्जदेखि पश्चिम खजुरा गाउँपालिकमा आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी वडा स्तरसम्म आँखा सेवा पुर्‍याउनका लागि शिविर आयोजना गरिएको आयोजकले जनाएको छ ।

फत्तेबाल आँखा अस्पताल नेपालगञ्जका कार्यक्रम अधिकृत उमेर अहमद सादिकका अनुसार शिविरमा राधापुर स्वास्थ्य चौकी, सीतापुर स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र खजुरा, स्वास्थ्य चौकी ई गाउँ, स्वास्थ्य चौकी उढरापुर, स्वास्थ्य चौकी गिजरा, स्वास्थ्य चौकी सोनपुर र स्वास्थ्य चौकी रनियापुरका १ हजार १ सय २७ जना स्थानीयवासीहरुले सेवा लिएका छन् ।

आँखाका बिरामीहरुले औषधी पनि निःशुल्क प्राप्त गरेका छन् भने मोतियाबिन्दु रोगले एउटा आँखाको दृष्टि गुमाएका २ सय ८४ जना बिरामीहरुलाई सहुलियत दरमा आँखाको शल्यक्रिया गराउनका लागि फत्तेबाल आँखा अस्पताल नेपालगञ्जमा जान सल्लाह दिइएको छ । निःशुल्क आँखा शिविर सञ्चालनमा सहयोग र प्रभावकारी प्रचार-प्रसारका लागि सम्बन्धित स्वास्थ्य चौकीका प्रमुख, कर्मचारीहरु र स्वयंसेविकाहरुको सहयोग रहेको थियो ।


## कुवेतमा रोजगार | कम्पनी : BRAX COMPANY FOR DELIVERY CONSUMER ORDERS.
शहर: Kuwait
